गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्डः१० संख्याः३ मितिः२०८३/०८/०२

भाग-२

गंगादेव गाउँपालिका

गंगादेव गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३

स्वीकृत मितिः २०८३/०६/२९

प्रस्तावनाः गंगादेव गाउँपालिकाबाट कार्यान्वयन गरिने सार्वजनिक निर्माणसँग सम्बन्धित योजना/परियोजना/ आयोजना/कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित बनाउनको लागि उपभोक्ता समितिहरुको दर्ता, नविकरण, नियमन एवम् खारेजी सम्बन्धी कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) ले

दिएको अधिकार प्रयोग गरी गंगादेव गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम '**उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३**' रहनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**अध्यक्ष**" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई जनाउनेछ ।

(ख) "**आयोजना**" भन्नाले गाउँपालिका मातहत वा सो अन्तर्गतको पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित आयोजना/परियोजना/योजना/कार्यक्रमलाई जनाउनेछ ।

(ग) "**उपभोक्ता**" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने क्षेत्रभित्रका व्यक्तिलाई जनाउनेछ ।

(घ) "**उपभोक्ता समिति**" भन्नाले आयोजनाको निर्माण सञ्चालन व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफुहरु मध्येबाट गठन गरेको समितिलाई जनाउनेछ ।

(ङ) "**गाउँपालिका**" भन्नाले गंगादेव गाउँपालिकालाई जनाउनेछ ।

(च) **"ठूला मेशिनरी तथा उपकरण"** भन्नाले ठूला मेशिनरी उपकरणहरु जस्तै- बुलडोजर, एक्साभेटर, व्याकहो लोडर जस्ता श्रममूलक प्रविधिलाई विस्थापन गर्ने खालका उपकरणलाई जनाउनेछ।

(छ) **"सम्झौता"** भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन एवम् मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समिति विच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ।

(ज) **"दर्ता अधिकारी"** भन्नाले गाउँकार्यपालिकाको कार्यालयको योजना तथा अनुगमन शाखाको प्रमुख/ अधिकृतलाई जनाउँनेछ ।

३. उपभोक्ता समिति दर्ता गर्नुपर्नेः

(१) प्रचलित कानून बमोजिम गाउँपालिका र वडा स्तरीय आयोजनाको लागि गठन भएका उपभोक्ता समितिको दर्ता गाउँपालिकामा गर्नुपर्नेछ । दर्ता गर्दा देहाय बमोजिमका कागजपत्र संलग्न गरी अनुसूची- १ बमोजिमको ढाँचामा दर्ताको लागि निवेदन दिनुपर्नेछः

(क) दर्ता गर्ने विषयमा अधिकार प्रत्यायोजन गरेको निर्णय,

(ख) अनुसूची-४ बमोजिमको ढाँचामा दुई प्रति विधान ।

(ग) वडाका जनप्रतिनिधि वा कर्मचारीको रोहवरमा बसेको अनुसूचि-५ बमोजिम आमभेलाको निर्णयको प्रतिलिपि, दश लाख माथिको योजना/परियोजना भएमा PAN नम्बर दर्ता गर्ने निर्णयको प्रतिलिपि,

(घ) उपभोक्ता समितिको नामावली उल्लेख भएको अनुसूचि-६ बमोजिमको सम्बन्धित वडाको सिफारिस,

(ङ) कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि,

(२) माथि उल्लेखित कागजातहरुको आवश्यक जाँचबुझ गरी दर्ता अधिकारीले सम्बन्धित उपभोक्ता समितिलाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ ।

४. **दर्ता नम्बर उपलब्ध गराउनुपर्ने:** दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता भएका उपभोक्ता समितिलाई दर्ता नम्बर प्रमाणपत्रमा खुलाउनु पर्नेछ।

५. **दर्ता नभई योजना सम्झौता नहुने:** कार्यविधिको दफा (३) बमोजिम दर्ता नभएका उपभोक्ता समितिसँग गाउँ कार्यपालिका वा वडा कार्यालयले योजना सम्झौता गर्ने छैन ।

६. **उपभोक्ता समिति नविकरण सम्बन्धी व्यवस्था:**

(१) सार्वजनिक निर्माणको लागि गठन भएको उपभोक्ता समिति प्रचलित कानून बमोजिम दर्ता भएको वा सूचीकरण भएको अवस्थामा निरन्तर रहिरहनेछन् । यस्ता समितिहरु वार्षिक रुपमा नविकरण गरेको आधारमा आयोजना कार्यान्वयनमा संलग्न रहनेछन् । नविकरण गर्नको लागि सम्बन्धित उपभोक्ताहरुको आमभेला गराई उपभोक्ता समितिलाई निरन्तरता दिने निर्णय भएको हुनुपर्नेछ ।

(२) उपभोक्ता समितिलाई निरन्तरता दिने वा नदिने बिषयमा सम्बन्धित उपभोक्ता समितिले आर्थिक वर्ष समाप्त भएको प्रथम त्रैमासिक भित्र निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको उपभोक्ता समिति नविकरण गर्दा दस्तुर लाग्नेछैन ।

७. उपभोक्ता समितिको सूचीकरण गर्ने: दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता हुन आएका उपभोक्ता समितिहरुको लगत अनुसूची-३ को ढाँचामा राख्नुपर्नेछ ।

८. उपभोक्ता समितिको अनुगमन नियमन सम्बन्धी व्यवस्था:

(१) गाउँपालिकाले नियमानुसार दर्ता भएका उपभोक्ता समितिको अनुगमन नियमन गर्न सक्नेछ ।

(२) अनुगमन गर्ने क्रममा प्रचलित कानूनको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिलाई सचेत गराउने वा दर्ता खारेजी वा दुवै कारवाहीको लागि आदेश दिन सक्नेछ।

९. अन्य संस्थावाट समेत कार्य गराउन सकिने:

(१) यस कार्यविधि बमोजिम उपभोक्ता समितिवाट गरिने कार्यहरु सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक स्तरका सहकारी संस्थाहरु, जल उपभोक्ता संस्था, आमा समुह, कृषक समूह, टोल सुधार समिति लगायतका कानून बमोजिम दर्ता भएका अन्य सामुदायिक संघ संस्था वा समितिहरु जस्ता संस्थाहरुलाई आफ्नो विषयक्षेत्रसँग सम्बन्धित आयोजनामा स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस कार्यविधि बमोजिम कार्य गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा छुट्टै छुट्टै उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन ।

१०. जिम्मेवारी र अभिलेख हस्तान्तरणः

(१) उपभोक्ता समिति पुनरगठन हुँदाको अवस्थामा आर्थिक कारोवारको विवरण माइन्युट लगायतका अभिलेख पुनरगठन समितिलाई हस्तान्तरण गर्नु पर्नेछ । आयोजना सम्पन्न भएपछि सार्वजनिक निर्माणसँग सम्बन्धित कागजात गाउँपालिकामा बुझाउनु पर्नेछ ।

११. उपभोक्ता समितिको एकिकृत लगत राखिनेः दर्ता भएका उपभोक्ता समितिको एकिकृत लगत गाउँ कार्यपालिकाको कार्यालयमा राखिनेछ ।

१२. कार्यविधिमा संशोधनः यस कार्यविधिमा गाउँपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१३. बाधा अड्काउ फुकाउन सक्नेः यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा गाउँपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

१४. बचाउ र लागु हुनेः

(१) यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरू प्रचलित कानून अनुसार हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेखित कुनै कुरा सङ्घीय र प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

मिति :- .....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गंगादेव गाउँपालिकाको कार्यालय
सानडाँडा, रोल्पा ।

विषय- उपभोक्ता समिति दर्ता गरी पाउँ ।

प्रस्तुत विषयमा गंगादेव गाउँपालिकाको आ.व. ..... का लागि स्वीकृत ..... योजना कार्यान्वयनको लागि मिति ..... मा उपभोक्ता समिति गठन गर्ने निर्णय भएकोले नियमानुसार उपभोक्ता समिति दर्ताको लागि देहायका कागजात सहित यो निवेदन पेश गरेको छु ।

- उपभोक्ता समितिको नाम :-
- ठेगानाः-
- अध्यक्षको नाम :-
- अध्यक्षको सम्पर्क नं :-
- सचिवको नामः
- कोषाध्यक्षको नामः

संलग्न कागजातहरुः-

१. दर्ता गर्ने विषयमा गरेको निर्णय,

२. आमभेलाको निर्णयको प्रतिलिपि,

३. कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि,

४. अनुसूची-४ बमोजिमको ढाँचामा दुई प्रति विधान,

५. अन्य कागजातहरु

निवेदकः

नामः

पदः

हस्ताक्षरः

छापः

अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

गंगादेव गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सानडाँडा, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

उपभोक्ता समिति दर्ता प्रमाणपत्र

दर्ता नं...../आर्थिक वर्ष

मिति.....।...।...

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आर्थिक वर्ष .....मा स्वीकृत .... योजना/कार्यक्रम कार्यान्वयन गर्न गठन भएको .... **उपभोक्ता समिति**, गंगादेव गाउँपालिका वडा नं. ..... को मिति २०..../...../.... को सिफारिस तथा पेश भएका कागजातका आधारमा यस कार्यालयको **उपभोक्ता समिति दर्ता अभिलेखमा दर्ता** गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

उपभोक्ता समितिको विवरण

क्र.सं.	**विवरण**	**व्यहोरा**
१	उपभोक्ता समितिको नाम	
२	ठेगाना	गंगादेव गाउँपालिका वडा नं. ..... रोल्पा
३	अध्यक्षको नाम	
४	सचिवको नाम	

५	कोषाध्यक्षको नाम	
६	गठन मिति	
७	योजना/कार्यक्रम नाम	
८	योजना/कार्यक्रमको स्थान	
९	स्वीकृत बजेट अंकमा	रु. .....
१०	स्वीकृत बजेट अक्षरमा	अक्षरुपि ....

.....

प्रमाणपत्र प्रदान गर्ने दर्ता अधिकारीको दस्तखत

अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

गंगादेव गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सानडाँडा, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

उपभोक्ता समिति नविकरण

उपभोक्ता समिति नविकरण मिति	संचालन गर्ने आयोजनाको नाम र ठेगाना	आयोजनाले समेट्ने क्षेत्र	नविकरण गर्नेको नाम र पद	हस्ताक्षर	कै.

अनुसूची - ३

(दफा ७ सँग सम्बन्धित)

गंगादेव गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सानडाँडा, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

उपभोक्ता समितिको सूचिकरण दर्ता किताब

क्र. सं.	आयोजनाको नाम र ठेगाना	आयोजनाले समेट्ने क्षेत्र	उपभोक्ता समितिको नाम	उपभोक्ता समितिको पदाधिकारीको नाम	उपभोक्ता समिति गठन मिति	कै.

अनुसूची-४

(दफा ३ (१)(ख) सँग सम्बन्धित)

उपभोक्ता समितिको विधान

प्रस्तावनाः स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत साधन तथा अवसरहरुलाई अधिकतम परिचालन बाट रोजगारी सिर्जना, सहभागितामूलक योजना तर्जुमा गरी आफ्नो टोल वा वस्तीको समग्र विकास मार्फत गाउँको विकासमा ठोस योगदान पुर्याउने उद्धेश्यले यस..... उपभोक्ता समिति गठन गरी परिचालन गर्न यो विधान बनाइएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो उपभोक्ता..... हुनेछ ।

(२) यो विधान उपभोक्ताहरुको आम भेलाबाट अनुमोदन भई दर्ता अधिकारीबाट स्वीकृती भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-

(क) **"समिति"** भन्नाले ..... उपभोक्ता समितिलाई सम्झनुपर्छ ।

(ख) **"विधान"** भन्नाले ..... उपभोक्ता समितिको विधानलाई सम्झनुपर्छ।

(ग) **"आमभेला"** भन्नाले उपभोक्ता समिति गठनको लागि राखिएको उपभोक्ताहरुको भेलालाई सम्झनुपर्छ।

(घ) **"कार्यसमिति"** भन्नाले कुनै पनि योजना संचालनको लागि गठित उपभोक्ता समितिलाई सम्झनुपर्छ।

(ङ) **"बैठक"** भन्नाले उपभोक्ता समितिको वैठकलाई सम्झनुपर्छ ।

(च) **"पदाधिकारी"** भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई जनाउँछ।

३. संगठित संस्था हुनेः

(१) समितिको आफ्नो छुट्टै छाप हुनेछ। साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(२) समितिले चल-अचल सम्पति प्राप्त गर्न र उपभोग गर्न सक्नेछ तर समितिले आफ्नो अचल सम्पत्ति बिक्रि गर्ने पाउने छैन । समिति बिघटन भएमा सो समितिको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

४. उपभोक्ता समितिका उद्देश्यहरुः समितिका उद्देश्यहरु देहाय बमोजिम हुनेछः

(क) स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी कम लागतमा अधिकतम उपलब्धि हासिल गराउने,

(ख) आयोजनाको कार्यान्वयन र प्राप्त प्रतिफलसम्म लाभग्राहीहरुको समतामूलक पहुँच स्थापित गर्ने।

५. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

(क) सम्झौता बमोजिमको काम तोकिएको परिणाम, गुणस्तर, समय र लागतमा सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन तथा बाडफाँड गर्ने,

(घ) सम्झौता बमोजिमको कामको परिणाम, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने भएमा कार्यालयबाट स्वीकृति लिने,

(ङ) वातावरण सन्तुलन कायम गर्दै नियमित मर्मत सम्भार मार्फत आयोजनाको दिगो व्यवस्थापन गर्ने,

(च) आयोजना सम्पन्न पश्चात उपभोक्ता सम्बन्धि प्रचलित कानूनले तोकिएको ढाँचाका कागजात/अनुसूचि फारम भरी समयमै फरफारकका लागि कार्यालयमा पेश गर्ने,

६. खाता सञ्चालन :

(१) उपभोक्ता समितिको खाता वाणिज्य वा विकास बैंकमा खोलिनेछ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जना मध्ये दुईको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एक जना महिला हुनेछ ।

७. कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) समितिको नियमित बैठक बोलाउन निर्देशन दिने, वैठकका लागि मिति, समय र स्थान तोक्ने।

(२) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गरी निर्णयहरु लागू गर्ने, गराउने ।

(३) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने

(४) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने।

(५) विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

(ख) उपभोक्ता समितिको सचिवको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(२) एकतिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।

(३) छलफलका प्रस्तावका आधारमा वैठकको निर्णय लेखि निर्णय प्रमाणित गर्ने/गराउने ।

(४) तोकिएका अन्य कार्यहरु गर्ने ।

(ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने ।

(२) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने।

(३) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

८. आमभेलाको काम, कर्तव्य र अधिकारः आमभेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ख) कार्य समितिको कुनै सदस्य वा सिंगो कार्यसमितिको विरुद्ध कुनै उजुरी भएमा निर्णय गर्ने ।

(ग) समितिको विधान संशोधन गर्ने ।

(घ) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

(ङ) उपभोक्ता समितिको पदाधिकारीले योजना संचालन हुँदाको बखत मृत्यु भएमा वा राजीनामा दिएमा वा अन्य कुनै कारणवस बिदेश गएमा आमभेलाको निर्णयबाट जिम्मेवारीमा रहेका पदाधिकारी हेरफेर गर्न सक्ने।

९. आर्थिक व्यवस्थापनः समितिको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ।

क. संघ/प्रदेश/स्थानीयतहबाट प्राप्त अनुदान ।

ख. गाउँपालिकावाट प्राप्त अनुदान ।

ग. जनश्रमदानवाट प्राप्त हुने आम्दानी ।

घ. संघ संस्थावाट नगद जिन्सी तथा अन्य आम्दानी ।

ङ. उपभोक्ता सामितिबाट

आयोजना/परियोजना/कार्यक्रम/योजना/क्रियाकलापमा गरिने लागत साझेदारीको रकम।

१०. कार्यसमितिका पदाधिकारीको राजिनामाः

(१) समितिका सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष निवेदन दिन सक्नेछन्।

(२) अध्यक्षले आफ्नो राजिनामा सचिव मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ ।

११. विविधः

(१) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरी आमभेलामा पेश गर्नुपर्नेछ । आम भेलामा उपस्थित सदस्यहरुको कम्तिमा दुई तिहाई बहुमतबाट मात्र विधान संशोधन हुन सक्नेछ।

(२) यो विधान प्रचलित ऐन, नियमहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची -५

(दफा ३ (१)(ग) सँग सम्बन्धित)

आमभेलाको बैठकको माइनुटको नमुना

आज मिति ..... साल ..... महिना ..... गतेका दिन यस रोल्पा जिल्ला गंगादेव गाउँपालिका वडा नं. ..... का वडाध्यक्ष/सदस्य/ कार्यपालिका सदस्य श्री .....को अध्यक्षता र रोहवरमा तथा तपशिल बमोजिमका आम उपभोक्ताहरूको उपस्थितिमा बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

<u>उपस्थिति</u>

हस्ताक्षर १.....वडाध्यक्ष

२. .....वडा सदस्य

३..... लाभग्राही

४.....लाभग्राही

(योजनाको प्रकृति र लाभग्राही परिवार संख्या हेरेर उपस्थिति संख्या निर्धारण हुने सकभर सबै घर परिवारलाई समेट्ने)

<u>प्रस्तावहरू:</u>

१. उपभोक्ता समिति गठन सम्बन्धमा ।

२. उपभोक्ता समिति दर्ता गर्ने सम्बन्धमा।

३. स्थायी लेखा नम्बर (PAN) दर्ता गर्ने सम्बन्धमा।

४. योजना सम्झौता गर्ने सम्बन्धमा ।

५. उपभोक्ता समितिको खाता संचालन गर्ने सम्बन्धमा ।

६. आन्तरिक अनुगमन तथा सहजीकरण समिति सम्बन्धमा ।

<u>निर्णयहरू:</u>

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गंगादेव गाउँपालिकाको बार्षिक स्विकृत बजेट अनुसार वडा नं. ..... अन्तर्गत.....स्थान/टोलमा कार्यान्वयन हुने योजनाको लागि विनियोजित बजेटको कार्यान्वयन तथा निर्माण गर्न तपशिल बमोजिमका पदाधिकारी रहने गरी उपभोक्ता समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

क्र.सं.	नाम थर	पद	हस्ताक्षर
१		अध्यक्ष	
२		सचिव	
३		कोषाध्यक्ष	
४		सदस्य	
५		सदस्य	
६		सदस्य	
७		सदस्य	
८		सदस्य	
९		सदस्य	
१०		सदस्य	
११		सदस्य	

निर्णय नं. २:

प्रस्ताव नं. २ माथि छलफल गर्दा गंगादेव गाउँपालिका वडा नं. ..... अन्तर्गत.....स्थान/टोलमा गंगादेव गाउँपालिकाको स्वीकृत वार्षिक योजना/कार्यक्रममा समावेश भएको योजना/कार्यक्रम सञ्चालन गर्न आमभेलाको बैठकबाट यस नव गठित .....उपभोक्ता समितिलाई गंगादेव गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि २०८३ बमोजिम सम्बन्धित गाउँपालिकामा दर्ता गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

निर्णय नं. ३:

प्रस्ताव नं. ३ माथि छलफल हुँदा गंगादेव गाउँपालिका वडा नं. ..... अन्तर्गत.....स्थान/टोलमा गंगादेव गाउँपालिकाको स्वीकृत वार्षिक योजना/कार्यक्रममा समावेश भएको योजना/कार्यक्रम सञ्चालन गर्न आमभेलाको बैठकबाट योजनाको कार्यान्वयन, आर्थिक कारोबारको पारदर्शिता कायम गर्न तथा प्रचलित कानुनबमोजिम आर्थिक कारोबारको लेखा व्यवस्थापन गर्न समितिको नाममा स्थायी लेखा नम्बर (PAN) दर्ता गर्न आवश्यक देखिएकाले आन्तरिक राजस्व कार्यालय दाङमा/गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजस्व शाखामा गई PAN दर्ता गर्ने र PAN दर्ता सिफारिसको लागि गंगादेव गाउँपालिकाको कार्यालयमा अनुरोध गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

साथै, उक्त PAN दर्ता गर्ने कार्यका लागि आवश्यक कागजात तयार गर्ने, सम्बन्धित निकायमा पेस गर्ने तथा दर्ता प्रक्रियासम्बन्धी आवश्यक कार्यहरू गर्ने जिम्मेवारी यस समितिका अध्यक्ष श्री ..... र सचिव/कोषाध्यक्ष श्री ..... लाई प्रदान गर्ने निर्णय गरियो। उक्त कार्यका लागि आवश्यक फाराम भर्ने, कागजात पेस गर्ने तथा PAN दर्ता प्रक्रियासँग सम्बन्धित अन्य आवश्यक कार्यहरू प्रचलित कानुनबमोजिम गर्ने निर्णयसमेत सर्वसम्मतिबाट गरियो।

उक्त उपभोक्ता समितिले प्रचलित कानुन, स्वीकृत लागत अनुमान, सम्झौता तथा सम्बन्धित स्थानीय तहको कार्यविधिबमोजिम योजना सञ्चालन गर्ने, प्राप्त रकमको पारदर्शी रूपमा परिचालन गर्ने, खर्चको लेखा राख्ने, आवश्यक बिल, भरपाई तथा अन्य कागजात सुरक्षित राख्ने र योजना सम्पन्न भएपछि नियमानुसार कार्यसम्पन्न प्रतिवेदन तथा आवश्यक कागजात पेस गर्ने निर्णयसमेत गरियो। साथै, उपभोक्ता समिति दर्ता तथा योजना कार्यान्वयनका लागि आवश्यक कागजातसहित सम्बन्धित वडा कार्यालय/गाउँपालिकामा पेस गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गंगादेव गाउँपालिकाको बार्षिक स्विकृत बजेट अनुसार वडा नं. ..... अन्तर्गत.....स्थान/टोलमा कार्यान्वयन हुने योजनाको लागि विनियोजित बजेटको कार्यन्वयन/निर्माणको लागि गंगादेव गाउँकार्यपालिकाको कार्यालय पोबाङ गई योजना सम्झौता गर्नका लागि

यस गठित उपभोक्ता समितिका १.अध्यक्ष..... २.सचिव ..... ३.कोषाध्यक्ष.....लाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गंगादेव गाउँपालिकाको बार्षिक स्विकृत बजेट अनुसार वडा नं. ..... अन्तर्गत.....स्थान/टोलमा कार्यान्वयन हुने योजनाको लागि विनियोजित बजेटको कार्यन्वयन/निर्माणको लागि .....उपभोक्ता समितिको नाममा ग्लोबल आई.एम.ई. बैंक लि. सुकिदह शाखामा गठित उपभोक्ता समितिका १.अध्यक्ष..... २.सचिव ..... ३.कोषाध्यक्ष.....को संयुक्त दस्तखत मध्ये कुनै दुई जनाको दस्तखतबाट उपभोक्ता समितिको खाता संचालन हुने गरी खाता खोली संचालन गर्ने अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ४ मा छलफल गर्दा यस योजनाको निर्माणको सुरूवात देखि निर्माण सम्पन्न नभए सम्मको लागि योजनाको निर्माणमा गुणस्तर कायम गर्न गंगादेव गाउँपालिकास्तरीय अनुगमन समिति र वडास्तरीय अनुगमन समिति बाहेक तपशिल बमोजिमका व्यक्तिहरू रहने गरी आन्तरिक अनुगमन तथा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

१. .....गंगादेव गा.पा. वडा नं. .....संयोजक

२. .. ..गंगादेव गा.पा. वडा नं. .....सदस्य

३. .....गंगादेव गा.पा. वडा नं. .....सदस्य

निर्णय गर्ने भेलाका अध्यक्षको विवरण

नाम, थरः .....

पदःभेलाको अध्यक्ष

हस्ताक्षरः .....

उपस्थित उपभोक्ताहरूको विवरण

संलग्न उपस्थितिको सूचीबमोजिम।

मितिः २०...../...../.....

आमभेला/बैठकमा उपस्थित पदाधिकारी, सदस्यहरू, लाभग्राही तथा सरोकारवालाहरुको उपस्थिति विवरण

क्र.सं.	पद	नाम, थर	हस्ताक्षर
१			
२			
३			
४			
५			
६			
७			
८			
९			
१०			

११			
१२			
१३			

बैठकका अध्यक्षको हस्ताक्षरः .....

नाम, थरः .....

उपभोक्ता समितिको नामः .....

अनुसूची-६

(दफा ३ (१)(घ) सँग सम्बन्धित)

(वडाको सिफारिस पत्रको नमुना)

वडा कार्यालयको लेटर प्याड

मितिः ————————

श्री गंगादेव गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सानडाँडा रोल्पा ।

विषयः उपभोक्ता समिति दर्ता/ स्थायी लेखा नम्बर (PAN) प्राप्ति सिफारिस/योजना सम्झौताका लागि सिफारिस गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस गंगादेव गाउँपालिका वडा नं. — अन्तर्गत सञ्चालन हुने आ.व. —— को ———————————— योजनाको कार्यान्वयनका लागि मिति ———— मा बसेको स्थानीय उपभोक्ताहरूको आमभेलाबाट तपसिलबमोजिमका पदाधिकारी तथा सदस्यहरू रहने गरी उपभोक्ता समिति गठन भएको हुँदा उक्त समितिलाई प्रचलित कानुन तथा गंगादेव गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि २०८३ बमोजिम उपभोक्ता समिति दर्ता गर्न/ स्थायी लेखा नम्बर (PAN) प्राप्त गर्न आन्तरिक राजस्वा कार्यालय दाङ/गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजस्व शाखामा सिफारिस गर्न तथा योजनाको कार्यान्वयनका लागि योजना सम्झौता गर्न आवश्यक प्रक्रिया अगाडि बढाइदिनुहुन यो सिफारिसकासाथ अनुरोध छ।

तपसिल

उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरूको नामावली

क्र.सं.	पद	नाम, थर	स्थायी ठेगाना	सम्पर्क नं.	हस्ताक्षर
१	अध्यक्ष				

२	सचिव				
३	कोषाध्यक्ष				
४	सदस्य				
५	सदस्य				
६	सदस्य				
७	सदस्य				

<u>उपभोक्ता समितिले संचालन गर्ने योजनासम्बन्धी विवरण</u>

क्र. स	आ. व.	योजना को नाम	योजना को स्थानः	योजना संचालन हुने वडा नं. र टोल/स्थान को नाम	विनियोजित बजेट रकम रु.	उपभोक्ता समितिको गठन/नविकरण मिति	कै
१							
२							

माथि उल्लिखित विवरणअनुसार गठन भएको उपभोक्ता समितिलाई आवश्यक प्रक्रिया पूरा गरी दर्ता/स्थायी लेखा नम्बर (PAN) प्राप्ति तथा योजना सम्झौतासम्बन्धी कार्य गर्न सहजीकरण गरिदिनुहुन सिफारिस गरिन्छ

हस्ताक्षरः .....

नाम, थरः .....

अनुसूची-७

गंगादेव गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सानडाँडा, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

(PAN दर्ताको सिफारिसक नमुना)

पत्र संख्याः .....

चलानी नं.ः .....

श्री आन्तरिक राजस्व कार्यालय, मितिः .....

दाङ ।

विषयः स्थायी लेखा नम्बर (PAN) दर्ता गरिदिने सम्बन्धमा सिफारिस।

प्रस्तुत विषयमा गंगादेव गाउँपालिका वडा नं. ..... अन्तर्गत आ.व. ..... मा सञ्चालन हुने **.....योजना** कार्यान्वयन गर्नका लागि स्थानीय उपभोक्ताहरूको आमभेलाबाट मिति ..... मा गठन भएको तपसिलबमोजिमको उपभोक्ता समितिलाई प्रचलित कानुनबमोजिम स्थायी लेखा नम्बर (PAN) प्राप्त गर्न आवश्यक पर्ने प्रक्रिया अगाडि बढाइदिनुहुन सिफारिस गरिन्छ।

उपभोक्ता समितिको विवरण

१. उपभोक्ता समितिको नामः .....

२. योजनाको नामः .....

३. ठेगानाः गंगादेव गाउँपालिका, वडा नं....., रोल्पा

४. समिति गठन भएको मितिः .....

<u>उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरूको नामावली</u>

अतः उल्लिखित उपभोक्ता समितिलाई आवश्यक कागजात तथा प्रक्रिया पूरा गरी स्थायी लेखा नम्बर (PAN) दर्ता गरिदिनुहुन सिफारिससाथ अनुरोध गरिन्छ।

क्र.सं.	पद	नाम, थर	स्थायी ठेगाना	सम्पर्क नं.
१	अध्यक्ष			
२	उपाध्यक्ष			
३	सचिव			
४	कोषाध्यक्ष			
५	सदस्य			
६	सदस्य			
७	सदस्य			

हस्ताक्षरः
नाम, थरः
पदः प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले

याम बहादुर वुढा मगर
प्रमुख प्रशासकीय अधिकृत